# विशेष निश्चित लाभ रकमको बारेमा सूचना



**शिजुओका शहर विशेष निश्चित लाभ रकमको कार्यान्वयन सारांशमा आधारित, रेइवा २ अप्रिल २७ तारिकको, शिजुओका शहरको आधारभूत निवासी रजिस्टरमा रेकर्ड गर्नेहरूलाई प्रति व्यक्ति १००,००० येन को रकम प्रदान गर्नेछौं ।**
**कृपया सेप्टेम्बर ७ , रेइवा २ (आवेदन अन्तिम म्याद) सम्म आवेदन प्रक्रिया गर्नुहोस्।**

**दायाँ पट्टिको "विशेष निश्चित लाभ रकमको आवेदन पत्र र चलानी पत्र" लाई शिजुओका शहर मेयरसम्म नपठाएको खण्डमा निश्चित लाभ रकम प्राप्त गर्न सक्नु हुने छैन ।**

## [उदाहरण] * परिवारको प्रमुखले आवेदन दिनु पर्दाको खण्डमा


様式第1号（第5条関係）
特別定額給付金
申請書兼請求書
お問い合わせ番号
（宛先）静岡市長
申請日 令和２年 ６月 １日
1 世帯主（申請・受給者）
住所 静岡市葵区追手町５番１号
フリガナ シズオカ タロウ　生年月日 昭和53年１月１日
氏名 静岡 太郎　連絡先 054 − 221 − ○○○○
私は裏面の「誓約・同意事項（1）～（6）」に誓約・同意の上、特別定額給付金を申請します。
2 振込先金融機関
下記の金融機関口座（申請・受給者ご本人名義の口座に限る）への振込を希望します。
金融機関名 あおい　支店名 追手町　分類　口座番号 1 2 3 4 5 6 7
銀行コード 1 2 3 4　支店コード 1 2 3
口座名義人（カナ） シズオカ タロウ
※ゆうちょ銀行を選択する場合は、「銀行コード9900」、「振込用の店名・店番・預金種目・口座番号（7桁）」（通帳見開き下部に記載）をご記入ください。
3 給付対象者　特別定額給付金を希望されない方は、お名前を二重線で消してください。
1 静岡 太郎　世帯主
2 静岡 花子　妻　S55.2.2
3 静岡 清美　子　H20.3.3
4 代理申請・受給を行う場合　代理申請ができる方についての説明は、裏面をご確認ください。
裏面の「誓約・同意事項（1）～（6）」に誓約・同意の上、署名（又は記名押印）してください。
代理人氏名　代理人生年月日　代理人住所
大正・昭和・平成　年　月　日
申請者（受給者）との関係　代理人連絡先
1. 同一世帯　2. 法定代理人　3. その他（具体的に記載：　）
上記の者を代理人と認め、特別定額給付金の申請及び受給を委任します。　世帯主氏名
裏面に必要書類（本人確認書類、振込先口座確認書類など）を添付してください。

**लेख्ने बेला सावधानी अपनाउने पर्ने कुराहरु**

लेख्ने बेला सावधानी अपनाउने पर्ने कुराहरु
・कृपया आवेदन फारम कालो कलमले लेख्नुहोस्।
・कृपया ठूला अक्षरहरूमा स्पष्टसँग लेख्नुहोस् । ※यदि आवेदन फारम गलत छ भने तपाईले सुविधाहरू प्राप्त गर्न सक्षम हुनुहुने छैन ।

① कृपया आवेदन मिति भर्नुहोस्।

② कृपया हस्ताक्षर गर्नुहोस् (वा तपाईको छाप लगाउनुहोस्)।

③ तपाईलाई सम्पर्क गर्न सकिने टेलिफोन नम्बर लेख्नुहोस् ।

④ कृपया घर प्रमुखको (आवेदन / आवेदक) बैंकको खाता लेख्नुहोस् ।

⑤यदि तपाई विशेष निश्चित रकम प्राप्त गर्न चाहानुहुन्न भने, कृपया तपाईको नामको माथि डबल धर्को तानेर काट्नुहोस् ।

⑥ यदि परिवारको प्रमुखले आवेदन दिदै हुनुहुन्छ भने, केहि प्रविष्ट नगर्नुहोस्।
※ घर प्रमुखको सट्टा आवेदन दिदै हुनुहुन्छ भने, विवरणको लागि कृपया पछाडि जाँच गर्नुहोस्।

⑦ कृपया आवेदन फारमको पछाडिआवश्यक कागजातहरू संलग्न गर्नुहोस्।

※सामग्री जाँच गरिसकेपछि, कृपया संलग्न जवाफ खाममा राखि मेल गर्नुहोस् (खाम बाहिर कुनै स्ट्याम्प आवश्यक छैन)।

- यो सुचनापत्र, सोधपुछको समयमा आवश्यक पर्ने हुनाले, तपाईको बैंक खातामा रकम जम्मा नहुने समयसम्म पत्रलाई सुरक्षित राख्नुहोस् । साथै, माई नम्बर पोर्टल म　फत अनलाइन आवेदन गर्नेहरूले ट्रान्सफर पूरा नभएसम्म यसलाई राख्नु पर्छ।

## आवेदनको लागि अन्तिम समय रेइवा २ (२०२०), सेप्टेम्बर ७ (सोमबार)

[सम्पर्क] शिजुओका शहर कोरोना भाइरस सम्बन्धित सुचना डायल ।
०५७-०८-०५६७ प्रत्येक दिन बिहान ९ बजेबाट बेलुका ८ बजे सम्म ।

अधिक जानकारीको लागि, कृपया पछाडि पृष्ठमा "विशेष निश्चित लाभ रकमको बारेमा प्राय: सोधिने प्रश्नहरू" हेर्नुहोस्।

**घर प्रमुख (आवेदक) पहिचान प्रमाणीकरण कागजात**

◎◎ संलग्न हुनु पर्छ
・सवारी चालक अनुमति पत्र・माई नम्बर कार्ड ・ स्वास्थ्य बीमा कार्ड
・राष्ट्रिय स्वास्थ्य बीमा कार्ड ・वृद्ध बीमा कार्ड ・ पेन्सन पुस्तिका
・मूल निवासी रेजिस्टर कार्ड ・ निवास कार्ड
・विशेष स्थायी निवास प्रमाणपत्र
आदि मध्ये एक (सार्वजनिक कार्यालयहरूद्वारा जारी गरिएकामा सीमित)



(१) घर प्रमुखले आवेदन दिएको खण्डमा : घर प्रमुखको पहचान पत्र प्रतिलिपि
(२) घर प्रमुखको सट्टामा आवेदन दिएको खण्डमा: घर प्रमुखको पहचान पत्रको प्रतिलिपि, जसले सट्टामा आवेदन गर्दिनु भएको छ उहाँको पहिचान पत्रको प्रतिलिपि र दुई जना बीच सम्बन्ध जनाउने प्रमाणपत्र

* कृपया त्यस अंशको प्रतिलिपि टाँस्नुहोस् जहाँ तपाई आफ्नो नाम र जन्म मिति पुष्टि गर्न सक्नुहुन्छ।
* मान्य अवधिसम्म को सामग्री भनेको ,मान्य अवधि भित्रका सामग्री

**रकम स्थानान्तरण वित्तीय संस्थाको खाता प्रमाणीकरणको कागजातहरू**

◎ संलग्न हुनुपर्छ
・पासबुकको प्रतिलिपि
・ATM कार्डको प्रतिलिपि
・इन्टरनेट बैंकिंगको इस्क्रिनको प्रतिलिपि
यो भित्रमा एउटा




* कृपया खाता भएको बैंकको नाम, खाता नम्बर, खाता धनीको नाम (काताकानामा) लेखिएको प्रतिलिपि टाँस्नुहोस् ।

## सट्टामा आवेदन दिन सक्ने व्यक्ति

सट्टामा आवेदन दिन सक्ने व्यक्तिले निम्न कुराहरु अन्तर्गत दिनु पर्नेछ।
(१) रेइव २ अप्रिल २७ तरिक भित्र, घर प्रमुख (आवेदक/प्राप्तकर्ताहरू)को परिवारको सदस्यहरु
(२) कानुनी रुपको व्यक्ति (एक वयस्क अभिभावक, एक सुरक्षा अधिकारी जो एक प्रोक्सी अनुदान निर्णय दिने, र एक सहायक जो एक प्रोक्सी अनुदान निर्णय दिन्छ)
(३) आफन्तहरू र अन्य सामान्य घरका प्रमुखहरूबाट(आवेदक/प्राप्तकर्ता )जो तपाईको ख्याल राख्छन् र जो विशेष गरी शिजुओका शहरद्वारा मान्यता प्राप्त छन्।
मानसिक सन्तुलन राम्रो नभएका, डिमेंशिया र कल्याण सुविधाहरूका निवासीहरूको लागि पनि लागू छन्। यहाँ प्रत्येक सोध-पुछ आधारमा पुष्टिकरण सामग्रीहरू र आवश्यक कागजातहरू उपलब्ध छन्, सिजुओका शहरमा कोरोना भाइरस सम्बन्धित लागि कुनै पनि परामर्श सेवामा सम्पर्क (०५७०-०८-०५६७ )गर्नुहोस्।

शिजुओका चुओ ・ शिजुओका मिनामी ・ सिमिजु पुलिस स्टेशन, शिजुओका शहरबाटको सूचना

# विशेष निश्चित लाभ रकमको ठगिबाट सावधान रहनुहोस्!



यदि तपाई “संदिग्ध” हुनुहुन्छ भने कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

शिजुओका केन्द्रीय पुलिस स्टेशन (आओइकु वार्ड) ०५४-२५०-०११०
शिजुओका मिनामी पुलिस स्टेशन (सुरुगु वार्ड) ०५४-२८८-०११०
शिमिजु पुलिस स्टेशन (शिमिजु वार्ड)०५४-३६६-०११०
शिजुओका शहर उपभोक्ता केन्द्र ०५४-२२१-१०५६

# विशेष निश्चित लाभको बारेमा प्राय: सोधिने प्रश्नहरू

**[विशेष निश्चित लाभको बारेमा]**
Q1 किन विशेष निश्चित लाभ भुक्तानी गरिन्छ?
A1 • "नयाँ कोरोना भाइरसको सङ्क्रामक रोगहरूको लागि आपतकालिन आर्थिक उपायहरू" (रेइवा २ अप्रिल २० तारिकमा क्याबिनेटको निर्णय), संक्रमणको प्रसारलाई रोकथाममा ध्यान दिएर परिवारहरूलाई तुरुन्त र सही रूपमा सरल प्रणालीको समर्थन गर्नका लागि, जापान सरकारले प्रति व्यक्ति १०,००० येन तिर्ने निर्णय गरेका छौं।

Q2 लाभको लक्षित वर्ग को हो?
A2 • लाभ प्राप्त गर्ने ती हुन् जसले सन्दर्भ मिति (रेइवा २ अप्रिल २७ तारिक ) मा आधारभूत निवासी रेजिष्ट्रेसन रेकर्ड गरिएका छन्।

**[कसरी आवेदन फारम लेख्ने]**
Q3 के यो ठीक छ यदि घर प्रमुखले छाप नगरीकन (स्व-हस्ताक्षर) साइन गर्दछ?
A3 • हजुर ,छाप नगरीकन हस्ताक्षर गर्न सकिन्छ।

Q4 कसको खाता प्राप्त गर्ने विधिद्वारा तोकिएको वित्तीय संस्था हुन सक्छ?
A4 • सोहि बैंकको खाताधनी र परिवारको प्रमुखसँग (आवेदक/प्राप्तकर्ता )नाम मेल खानुपर्दछ।
• कृपया नोट गर्नुहोस् कि तपाई घरको प्रमुख (आवेदक/प्राप्तकर्ता ) (श्रीमान/श्रीमती, बच्चा, कम्पनी, आदि) को बाहेक अर्को खातामा स्थानान्तरण गर्न सक्नुहुन
्न।
• सट्टामा आवेदन दिनसक्ने व्यक्ति,आवेदन दिँदा, सोहि व्यक्तिको खाता प्रविष्ट गर्नुहोस् (कानूनी प्रतिनिधिहरू बाहेक)।

Q5 यो आवेदन फारममा पासबुक वा कैश कार्डको प्रतिलिपि संलग्न गर्न आवश्यक छ। किन यो आवश्यक छ?
A5 • हस्तान्तरण खाता पुष्टि गर्न तपाईको पासबुक, आदि को एक प्रतिलिपि बुझाउन पर्दछं।
•यदि तपाईको पासबुक वा नगद कार्डमा स्ट्याम्पको छाप छ वा क्रेडिट प्रयोगयोग्यताको साथ नगद कार्डमा क्रेडिट नम्बर, आदि छ भने कृपया ती भागहरूलाई कालोमा रंग
ेर छोप्नुहोस ।
• कृपया वास्तविक (वास्तविक सामान) पासबुक वा ATM कार्ड नपठाउनुहोस्।
• यदि तपाईसँग एक वित्तीय संस्थाको खाता छैन भने, कृपया शिजुओका कोरोना भाइरस परामर्श सेवामा सम्पर्क (०५७०-०८-०५६७ )गर्नुहोस्।

Q6 बैंक खाता जानकारी आवेदन फारम र कागजात पेश गर्नको लागी समावेश गरीएको छ। के त्यहाँ कुनै सम्भावना छ कि सूचना लीक हुन्छ?
A6• विशेष निश्चित रकम लाभहरूको लाभ सेवाका लागि बासिन्दाहरूबाट प्राप्त खाता जानकारी सहित व्यक्तिगत जानकारी प्रयोग र कडाईका साथ व्यवस्थित गरिनेछ र लाभ स
ेवाको लागि आवश्यक दायरा भित्र समाधान गरिनेछ।

Q7 मैले आवेदन फारममा गल्ती गरेँ। म कसरी यसलाई सच्याउन सक्छु?
A7 • यदि तपाईले आवेदन फारममा गल्ती गर्नुभयो भने, बिगारेको माथि दोहोरो लाइनको साथ मेट्नुहोस् र पुनः लेख्नुहोस्।

**[आवेदन फारम बुझाउने बारेमा]**
Q8 के नगरपालिकाको काउन्टरमा आवेदन फाराम बुझाउन सम्भव छ?
A8 • कृपया संलग्न जवाफ खाममा हाली हुलाकमा हल्नुहोस् (खाममा कुनै टिकेट आवश्यक छैन)। संक्रामक रोगको फैलावट रोक्न सहयोग गर्नुहोस्।

**[लाभको बारेमा ]**
Q9 तपाईलाई कहिले रकम पठाउनेछ?
A9• आवेदनको जाँच पूरा भएपछि, हामी निर्णय सूचना मेल गर्नेछौं र ट्रान्सफर गर्नेछौं।